हाम्रो प्रजाशक्ति 03/07/18

# टिस्टा नदीको जलस्तरबारे एनएचपीसद्वारा जन जागरण शिविर




**गान्तोक, २ जुलाईः** आइतवार एनएचपीसी लिमिटेड टिस्टा चरण-५ पावर स्टेशनले वर्षाका समय टिस्टा नदीको जलस्तर बढ़ेको विषयमा जन जागरण शिविर आयोजन गऱ्यो। यो शिविर पूर्व सिक्किमको सिङताम बजार नजिक आदर्श गाउँमा आयोजन गरिएको थियो। यस शिविरको उद्देश्य मानिसहरूलाई मनसूनका समय टिस्टा नदीको बढ्दो जलस्तरबारेमा जागरूक गर्नु तथा नदीको किनार छेउमा जाँदा आवश्यक सावधानीका बारेमा सचेत गराइयो। यस शिविरमा मन्त्री गर्जमान गुरूङ, वार्ड पञ्चायत सदस्य गोमा छेत्री, आदर्श गाउँ समितिका अध्यक्ष, उपाध्यक्ष, नागरिक समाज अनि स्थानीय मानिसहरूका साथमा एनएचपीसी टिस्टा चरण ५ पावर स्टेशनका वरिष्ठ अधिकारीहरू उपस्थित थिए।

शिविरमा पञ्चायत सदस्य अनि एनएचपीसीका वक्ताहरूले यस विषयमाथि आ-आफ्नो मूल्यवान सुझाउ अनि विचार राखे। टिस्टा चरण-५ पावर स्टेशनका मुख्य अभियन्ता (प्रभारी) सहदेव खटुआले आफ्नो सम्बोधनमा एनएचपीसीले बिजुली उत्पादनका साथसाथै टिस्टा नदीको किनारमा बसेका मानिसहरूको सुरक्षा सुनिश्चित गर्ने दिशामा प्रतिबद्ध रहेको अनि यसका लागि हर सम्भव उपाय पनि गरिएको जनाए।

यसपछि मुख्य अतिथि मन्त्री गर्जमान गुरूङले आफ्नो सम्बोधनमा एनएचपीसीद्वारा स्थानीय मानिसहरूको सुरक्षाका लागि विभिन्न स्थानमा सायरन स्थापना अनि टिस्टा नदीको किनार चेताउनी बोर्ड, स्थानीय समाचार पत्रहरूमा मनसूनका समय टिस्टा नदीको जलस्तर बढ़ेको जस्ता सम्बन्धित विषयमा नोटिस प्रकाशित गर्ने जस्ता धेरै प्रयासहरूको सराहना गरे। उनले नदी किनारमा जानु भन्दा अघि सबै प्रकारको सावधानी अप्नाउनुपर्ने तथा एनएचपीसीद्वारा स्थापित सायरनको आवाज सुन्ने अपील पनि गरे। यस अवसरमा टिस्टा-५ पावर स्टेशनका वरिष्ठ अधिकारी जितेन्द्र कुमार, मुख्य अभियन्ता (विद्युत) प्रवेश कुमार, वरिष्ठ प्रबन्धक (मानव संसाधन) अमित कुमार आदि उपस्थित थिए।